☎ ९८५८०३८१७८ /९८५८०३८३७८

# चामुण्डाविन्द्रासैनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०८२/०८४ (कृषि विकास शाखा)

च.नं. :

## सिलबन्दी दरभाउपत्र (Sealed Quotation) आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०९**

यस नगरपालिका अन्तर्गत असिनाबाट प्रभावित कृषकहरूलाई अनुदानमा वितरण गर्ने प्रयोजनका लागि गहुँको उन्नत बीउ खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (सोह्रौं संशोधन, २०८३ समेत) बमोजिम योग्य तथा इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट देहायबमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

| क्र.सं. | ठेक्का नं. र खरिद विवरण | परिमाण | इकाई | लागत अनुमान | दरभाउपत्र जमानत |
|---|---|---|---|---|---|
| १ | SQ/GOODS/WHEAT/02-2083/084 र असिना पीडित कृषकलाई अनुदानमा गहुँको उन्नत बीउ वितरण(जस्तै: WK१२०४ , स्वर्गदारी वा प्रचलित उपयुक्त जात) | १४,७०५ | के.जी. | रु. १२,५०,०००।– | कबोल रकमको २.५% |

१. दरभाउपत्र फाराम खरिद गर्ने प्रक्रिया: यो सूचना प्रकाशित भएको मितिले ७औं दिन (मिति २०८३/०६/१५) को कार्यालय समयभित्र तोकिएको दरभाउपत्र दस्तुर रु. १,०००/- (फिर्ता नहुने गरी) यस कार्यालयको बैंक खातामा जम्मा गरेको नगदी रसिद वा बैंक भौचर सहित(खाता नं. ga(१.१)४१२९५२४१२०७००४ ) लिखित निवेदन दिई कार्यालयबाट दरभाउपत्र डकुमेन्ट प्राप्त गर्न सकिनेछ।

२. योग्यता र आवश्यक कागजातहरू: दरभाउपत्र साथ फर्म/कम्पनी/सहकारी दर्ताको अद्यावधिक प्रमाणपत्र, मू.अ.कर (VAT) वा प्यान (PAN) दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) को प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

ललित कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

"दिगो विकासका लागि पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि र रोजगार,चामुण्डाविन्द्रासैनी नगरपालिका समृद्धिको मुल आधार"

Email:- info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com ☎9858038178

website:-chamundabindrasainimun.gov.np

९८५८०३८१७८ /९८५८०३८१७८

# चामुण्डाविन्द्रासैनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## जम्बुकाँध, दैलेख
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०८२/०८४ (कृषि विकास शाखा)

चलानी :

३. दरभाउपत्र दर्ता सम्बन्धी विवरण: रीतपूर्वक भरिएको सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले ८औं दिन (मिति २०८३/०६/१६) को दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। म्याद नाघि वा रीत नपुगी आएका दरभाउपत्रहरू उपर कुनै कारबाही गरिने छैन।

४. दरभाउपत्र खोल्ने सम्बन्धी व्यवस्था: दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू सूचना प्रकाशित भएको मितिले ८औं दिन (मिति २०८३/०६/१६) को दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा यसै कार्यालयमा खोलिनेछ। प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. धरौटी रकम (Bid Security): . दरभाउपत्र साथ कबोल रकमको २.५ प्रतिशतले हुने जमानत रकम नगद वा वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ७५ दिन मान्य बैंक जमानतका रूपमा पेश गर्नुपर्नेछ।

६. प्राविधिक मापदण्ड (Technical Specification): आपूर्ति गरिने गहुँको बीउ राष्ट्रिय बीउबिजन समितिबाट स्वीकृत प्राप्त (जस्तै: WK१२०४ , स्वर्णदारी वा प्रचलित उपयुक्त जात) र न्यूनतम अंकुरण क्षमता ८०% तथा भौतिक शुद्धता ९७% भएको प्रमाणित ट्याग सहितको हुनुपर्नेछ।

७. दरभाउपत्रको स्वीकृत गर्ने वा नगर्ने अधिकार: नियमानुसार न्यूनतम मूल्याङ्कन गरिएको र सारभूत रूपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bid) दरभाउपत्र स्वीकृत गरिनेछ। दरभाउपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. अन्य सर्तहरू: यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (हालसम्मको संशोधन सहित) तथा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ। थप जानकारीका लागि: चामुण्डाबिन्द्रासैनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जम्बुकाँध, दैलेख फोन नं.: ९८५८०३८१७८ इमेल: ito.chamundabindrasainimun.gov.np

ललित कुमार बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

"दिगो विकासका लागि पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि र रोजगार,चामुण्डाविन्द्रासैनी नगरपालिका समृद्धिको मुल आधार"

Email:- info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com 9858038178

website:-chamundabindrasainimun.gov.np